# त्रिभुवन विश्वविद्यालय

## नेपाल ल क्याम्पस

प्रदर्शनीमार्ग, काठमाडौं

पत्र संख्या .............

चलानी नं.............

मिति: २०७३/९/२१

विषयः- B.A.LL.B. Semester **मा भर्ना सम्वन्धी सूचना ।**

त्रि.वि. कानून संकायद्वारा मिति २०७३ साल मंशिर ११ गते बी.ए.एल्.एल्.बी., Semester System का लागि लिइएको प्रवेश परीक्षामा सम्मिलित भएका परिक्षार्थीहरुको मिति २०७३ मंसिर ३० गते प्रकाशित नतिजामा योग्यताक्रम र कोटामा नाम प्रकाशित भएका परीक्षार्थीहरु मध्ये यस क्याम्पसमा कोटा सहित १०५ स्थानमा भर्ना हुनका लागि मिति २०७३ पौष २० गते बुधबार दिनको ४:०० बजे सम्म निवेदन माग भएकोमा तोकिएको समयभित्र प्राप्त निवेदनहरुमध्ये योग्यताक्रम (Merit-List) मा रहेका निम्न परीक्षार्थीहरुको नामावली प्रकाशित गरिएको छ ।

१. **सि.नं. १ देखि ७२ सम्मका योग्यताक्रम** (Merit List) **मा रहेका विद्यार्थी, सि.नं. ७३, ७४, ७७, ७८,८१ र ८२ का महिला, गु वर्गका सि.नं. १०१, ११४, ११५, १२२, १२३ र १६० वर्गका आदिवासी/जनजाति, सि.नं. ७९, ९६, १०३,१०६,१०८ र १११ का मधेशी, सि.नं. १२८,१४७ र १४९ का पिछडिएको क्षेत्र, सि.नं. १४०, १५९ र १६७ का दलित, सि.नं. ७५, १५० र १७७ का अपाङ्गता भएका विद्यार्थीहरुले** यहि मिति २०७३ पौष २८ गते बिहिबार भित्रमा भर्ना भैसक्नु पर्नेछ । निर्धारित समय भित्र भर्ना नभएको कारणले कुनै स्थान रिक्त हुन आएमा यसै योग्यताक्रमानुसार भर्ना गरिने छ ।

२. भर्ना हुन आउने विद्यार्थीहरुले आफ्नो शैक्षिक योग्यताको सक्कल प्रमाणपत्र अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

४. भर्ना हुनका लागि पेश गरिएका प्रमाणपत्रहरु नक्कली भएको ठहरिएमा भर्ना लिइने छैन । भर्ना लिईसकेको भएमा पनि त्यस्तो भर्ना स्वतः रद्द हुनेछ । यसरी खाली हुन आउने स्थानमा यसै योग्यताक्रमका आधारमा भर्ना लिइनेछ ।

५. विदेशी विद्यार्थीहरुको लागि छुट्टाइएको ६ सिटको हकमा प्रथम सूचिका विद्यार्थीहरु भर्ना हुने मिति भित्र कुनै विदेशी विद्यार्थी भर्ना हुन नआएमा यसै योग्यताक्रमानुसार भर्ना लिइनेछ ।

६. पठनपाठन कार्य यही २०७३ माघ २३ गते आइतबारदेखि दिवा समयमा पूर्णकालिन रुपमा सञ्चालन गरिनेछ ।

७. असी प्रतिशत हाजिरी नपुग्ने विद्यार्थीले वार्षिक परीक्षामा समावेश हुन पाउने छैन ।

८. भर्नाका लागि मिति २०७३ पौष २८ गते बिहिबारसम्म पुतलीसडक स्थित **कुमारी वैंक लिमिटेड**मा रहेको यस क्याम्पसको **वचत खाता न** : K42991–C **(के ४२९९१-सी)** मा शुल्क रु. ५९,१००।– (अक्षरुपी उन्नानसाठी हजार एक सय मात्र) जम्मा गरेको भौचर यस क्याम्पसमा पेश गर्नुपर्नेछ

९. त्रि.वि. रजिष्ट्रेशन शुल्क र परिक्षा शुल्क छुट्टै बुझाउनु पर्नेछ ।

१०. यो सूचना www.nlc.edu.np मा पनि हेर्न सकिनेछ ।

कर्णबहादुर थापा

क्याम्पस प्रमुख